# १४.१ व्हिस्की (Whisky)

## १. गुणस्तरकोक्षेत्र(Scope)

यस गुणस्तरले मानव उपभोगको लागि प्याक गरिएकासबै प्रकारका व्हिस्की लाई समेट्छ ।

## २. परिचय(Description)

### २.१ व्हिस्की (Whisky)

व्हिस्की भन्नाले कुनै पनि अन्न वा स्टार्च जन्य खाद्य पदार्थहरुलाई जीव रासायनिक प्रकृया द्वारा किन्वन (फर्मेंटेसन) गरि डिस्टिलेसन प्रकृया द्वारा प्राप्त डिस्टिलेट अल्कोहोलजन्य पदार्थहरुलाई जनाउछ । उत्पादन गर्ने देश, प्रयोग गरिने कच्चा पदार्थ, उत्पादन को प्रकृया, प्रबिधि आदिको आधारमा व्हिस्की विभिन्न प्रकारका हुन सक्नेछन ।

## ३. आवश्यक गुणस्तर परिधिहरु(Essential Composition and Quality Factors)

व्हिस्कीमा चारित्रिक स्वाद र बास्ना हुनु पर्नेछ र यसमा प्रचलित कानुन तथा codex को मापदण्डबमोजिमकरामेल रंग वा अन्य स्वीकृत खाद्य योगसिल तथा स्वीकृत बास्नाहरु प्रयोग गर्न सकिनेछ । परिपक्व (matured)भनि लेखिएको व्हिस्कीलाई कम्तिमा १ बर्ष ओक (oak) को भाडामा राखी भण्डारण गरिएको हुनु पर्नेछ । मदिरासंग उपभोग गर्दा स्वास्थ्यलाई हानी गर्न सक्ने पदार्थहरु जस्तै क्लोरल हाईड्रेट ( chloral hydrate), अमोनियम क्लोराइड ( ammonium chloride), डाइजेपेम (diazepam), पाराअल्डीहाइड ( paraldehyde) र/वा कुनै पनि नसालु पदार्थ हरु, क्याफिन ( caffeine) लगायतका अन्य रासायनिक पदार्थ हरु नभएको हुनु पर्दछ ।

व्हिस्कीमा इथाइल अल्कोहोलको मात्रा ३६ देखि ५० प्रतिशत (आयतन को आधारमा, २० $^{o}C$) सम्म हुन सक्नेछ । इथाइल अल्कोहोलको मात्रा व्हिस्कीको लेबलमा उल्लेख गरिएको मात्रा भन्दा ३% घटी वा बढी सम्म स्वीकार्य हुनेछ ।

व्हिस्कीमा देहायका मापदण्ड हरु पनि पुरा भएको हुनु पर्दछ ।

| सि.न. | विवरण | Malt grain whisky | Blended whisky | अन्य Whisky |
|---|---|---|---|---|
| १ | Aldehydes as acetaldehyde (g/100 l absolute alcohol) max. | ५०.० | ३५.० | १५.० |
| २ | Arsenic (mg/l) max. | ०.२५ | ०.२५ | ०.२५ |
| ३ | Cadmium (mg/l) max. | ०.०१ | ०.०१ | ०.०१ |
| ४ | Copper (mg/l) max. | १०.० | १०.० | १०.० |
| ५ | Ethyl alcohol content at 20 $^{o}C$ percent by volume (Range) | ३६-५० | ३६-५० | ३६-५० |
| ६ | Furfural (expressed in terms of g/100 litre of Absolute alcohol), Max | १२.० | ६.० | ६.० |
| ७ | Higher alcohols as amyl alcohol (expressed in terms of g/litre of absolute alcohol), Max. | १०००.० | ७५०.० | ३५०.० |
| ८ | Lead (mg/l), Max. | ०.२ | ०.२ | ०.२ |
| ९ | Mercury mg/l, Max. | ०.२५ | ०.२५ | ०.२५ |
| १० | Methyl alcohol (expressed in terms of mg/litre of distilled absolute alcohol), Max | ३०.० | २०.० | १०.० |
| ११ | Residue on evaporation per cent (mg/liter), Max | २.० | २.० | २.० |
| १२ | Total Esters as ethyl acetate (expressed in terms of g/100 litres of absolute alcohol), Max | २००.० | १५०.० | १००.० |

| | | | | |
|---|---|---|---|---|
| १३ | Volatile acids as acetic acid (expressed in terms of g/100 litres of absolute alcohol), Max | १५०.० | १००.० | ५०.० |

## ४. स्वच्छता(Hygiene) सम्बन्धी व्यवस्था

## ४.१ स्वच्छताकायम गर्ने तरीका(Code of Practice)

व्हिस्कीको उत्पादन, प्याकेजिङ्ग, भण्डारण तथा ढुवानी गर्दा Codex द्वारा निर्धारित आचारसंहिता Recommended International Code of Practice – General Principles of Food Hygiene(CAC/RCP 1-1969) का प्रावधानहरू आवश्यकतानुसार पालन गर्नुपर्नेछ ।

## ५. प्याकेजिङ्ग र लेबलिङ्ग सम्बन्धी व्यवस्था(Packaging and Labeling Requirements)

व्हिस्कीलाई सफा गरिएको खाद्य ग्रेडको बोतल वा कन्टेनरमा प्याकेजिङ्ग गरीखाद्य नियमावली , २०२७ कालेबलिङ्ग सम्बन्धी प्रावधानहरू, Codex द्वारा निर्धारित General standard for the labeling of prepackaged foods (codex stan 1-1985) काप्रावधानहरू तथा अन्य प्रचलित कानुन अनुसारपुरा गरेको हुनु पर्नेछ।

## ५.१ लेबलमा उल्लेख गर्न प्रतिबन्ध

५.३.१ स्वास्थ्यसम्बन्धी कुनै पनि दाबी गर्न पाइने छैन।

५.३.२ प्रयोगकर्तालाई व्हिस्कीकोप्रकृति, उत्पादन, श्रोततथा अन्य गुणहरूसम्बन्धी भ्रामक सूचना दिने गरी कुनै पनि फोटो, शब्द वा वाक्यहरू प्रयोग गर्न पाइने छैन।